परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक ३३० •२०७९ साल माघ २१ शनिबार •(4 February - 2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## मधेश प्रदेशमा मन्त्रिपरिषद् विस्तार, माओवादी सहभागी भएन



**टक नेपाल, जनकपुरधाम ।** मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मन्त्रिपरिषद् विस्तार गरेका छन् । उनले ६ मन्त्री र तीन राज्यमन्त्री नियुक्त गरेका हुन् । महेशप्रसाद यादव शिक्षा, विज्ञान तथा बाणिज्य, सुनिताकुमारी साह सामाजिक विकास तथा सत्रुधनप्रसाद सिंह गृह तथा सञ्चारमन्त्री नियुक्त भएका छन्। सिंहासन कलावार खानेपानी तथा उर्जा विकास, राजकुमार लेखी कानून न्याय तथा प्रदेश मामिला र मोहम्मद जयद खा आलम महिला तथा बालबालिका, युवा तथा खेलकुदमन्त्री बनेका छन् । शेख अब्दुल कलाम आजाद सामाजिक विकास राज्यमन्त्री, केशव राय गृह तथा सञ्चारराज्यमन्त्री र सञ्जयकुमार यादव भूमि व्यवस्था तथा कृषि राज्यमन्त्री बनेका छन् । माओवादी केन्द्र भने सरकारमा सहभागी भएन । माओवादीले २ वटा मन्त्रालय मागेको थियो । मुख्यमन्त्री सरोज यादवले माओवादीका भरतप्रसाद साहलाई उद्योग, पर्यटन तथा वनमन्त्री बन्न प्रस्ताव गरेका थिए । तर माओवादी तयार नभएपछि सरकारमा सहभागी भएन ।



Bardibas Service Centre
Bardibas Bazaar, Bardibas, Mahottari

# फरार सांसद कोइरीविरुद्ध 'डिफ्युजन नोटिस'को तयारी

**डिफ्युजन नोटिसपछि...**

*'डिफ्युजन नोटिस' जारी भएलगत्तै कोइरी पक्राउको सूचना 'इन्टरपोल'को 'च्यानल'भित्र प्रवेश गर्नेछ। जुन सूचना स्वतः इन्टरपोल सदस्यराष्ट्रका प्रहरीसमक्ष प्रवाह हुनेछ। जसबाट सदस्यराष्ट्रका प्रहरीलाई कोइरी पक्राउका लागि दबाब पुग्नेछ। देशको सीमाभित्र नरहेका फरार अभियुक्त पक्राउ गर्न प्रहरीले यस्तो अस्त्र प्रयोग गर्छ।*





**डिआइजी पोषराज पोखरेल, प्रवक्ता, नेपाल प्रहरी**

फौजदारी अभियोग लागेका एक सांसद फरार छन् । उनको खोजीमा प्रहरी लागेको छ । उनलाई पक्राउ गर्न आन्तरिक 'सर्कुलेसन' भइसकेको छ । सकेसम्म उनलाई आन्तरिक पहलबाटै पक्राउ पर्ने पक्षमा प्रहरी छ। यदि त्यस्तो हुन सकेन भने 'डिफ्युजन नोटिस' जारी गर्नुपर्ने हुन्छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी पोषराज पोखरेलले भने, 'फौजदारी अभियोग लागेका एक सांसद फरार छन्। उनीको खोजीमा प्रहरी लागेको छ। उनलाई पक्राउ गर्न आन्तरिक 'सर्कुलेसन' भइसकेको छ। सकेसम्म उनलाई आन्तरिक पहलबाटै पक्राउ पर्ने पक्षमा प्रहरी छ। यदि त्यस्तो हुन सकेन भने 'डिफ्युजन नोटिस' जारी गर्नुपर्ने हुन्छ।' 'डिफ्युजन नोटिस' जारी भएलगत्तै कोइरी पक्राउको सूचना 'इन्टरपोल'को 'च्यानल'भित्र प्रवेश गर्नेछ। जुन सूचना स्वतः इन्टरपोल सदस्य राष्ट्रका प्रहरीसमक्ष प्रवाह हुनेछ। जसबाट सदस्यराष्ट्रका प्रहरीसमक्ष कोइरी पक्राउमा दबाब पुग्नेछ। देशको सीमाभित्र नरहेका फरार अभियुक्त पक्राउ गर्न प्रहरीले यस्तो अस्त्र प्रयोग गर्छ। प्रहरी स्रोतका अनुसार गृह मन्त्रालयले पक्राउ आदेश दिएलगत्तै कोइरी भागेर भारत गएका थिए। गृहले कोइरीलाई तत्काल पक्राउ गर्न भन्दै गत ६ माघमा नेपाल प्रहरीलाई लिखित निर्देशन दिएको थियो। तत्कालीन गृहमन्त्री रवि लामिछानेको समेत नाम उल्लेख गरी दिइएको निर्देशनलगत्तै उनी भागेर भारत गएका थिए। प्रहरी स्रोत भन्छ, 'गृह मन्त्रालयबाट पक्राउ निर्देशन जारी भएलगत्तै उनी भागेर भारत गएको सूचना छ। आन्तरिक तवरले उनीविरुद्धको सूचना संकलन भइरहेका छन्। उनी भारतस्थित बिहारको कुनै गाउँमा रहेको सूचना छ। उताका प्रहरीसँग समन्वय भइरहेको छ। लोकेसन पक्का हुनासाथ पक्राउ पर्नेछन्।' मधेस आन्दोलनका क्रममा २५ भदौ ०७२ मा सशस्त्र प्रहरीका असइ थमन विकको हत्या गरेको अभियोग कोइरीमाथि छ। उपचारका क्रममा अस्पताल लैजाने क्रममा एम्बुलेन्सबाट थुतेर असइ विकको हत्या भएको थियो। उनी जलेश्वर सशस्त्र प्रहरी गणमा कार्यरत थिए। उक्त घटनामा कोइरी जोडिएका थिए। उनीविरुद्ध जिल्ला अदालत महोत्तरीमा मुद्दा चलेको थियो। बहसपछि अदालतले उनलाई एक लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको थियो। उक्त आदेशविरुद्ध रिट निवेदन परेपछि उच्च अदालत जनकपुरले जिल्लाको आदेश उल्ट्याउँदै कोइरीलाई थुनामै राख्न आदेश दिएको थियो। त्यसयता उनी फरार छन्। गत ४ मंसिरमा भएको निर्वाचनमा कोइरीले महोत्तरी-१ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिए। पक्राउ पर्ने डरले उनले निर्वाचन कार्यालयमा वारेसनामामार्फत उम्मेदवारी दर्ता गराएका थिए। चुनाव पनि जिते। ७ पुसमा अन्य सांसदसँगै शपथ लिए। २६ पुसमा प्रधानमन्त्री पुष्पकमल दाहालले संसद्बाट विश्वासको मत लिने क्रममा कोइरी संसद्मा उपस्थित भए। प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएका उनी ५ माघमा भएको सभामुखको निर्वाचनमा पनि सहभागी भए। संसद्मा उनको खुले आम उपस्थितिलाई लिएर संसद्भित्र चर्को आवाज उठेपछि पक्राउ गर्न गृहले नेपाल प्रहरीलाई लिखित निर्देशन जारी गर्‍यो। त्यसपछि उनी फरार छन्।

# प्रतिनिधिसभा सदस्य अरुण चौधरी कारागार चलान

**टक नेपाल, काठमाडौं।** प्रतिनिधिसभा सदस्य अरुण चौधरी कारागार चलान भएका छन्। जिल्ला अदालत कैलालीले चौधरीलाई कैद भुक्तानका लागि कारागार चलान गरेको कैलाली प्रहरीका प्रवक्ता डीएसपी वेदप्रकाश जोशीले बताए। कैलाली-२ बाट निर्वाचित चौधरी बिहीबार बाँकेको कोहलपुरबाट पक्राउ परेका थिए । उनलाई प्रहरीले शुक्रबार बिहानै जिल्ला अदालतमा बुझाएको थियो। डीएसपी जोशीका अनुसार ट्र्याक्टरमा आगो लगाएको अभियोग लागेका चौधरीलाई कैलाली जिल्ला अदालतले छ महिना कैद र आठ लाख १९ हजार रुपैयाँ जरिबानाको फैसला गरेको थियो । सोही आदेशअनुसार उनी जेल चलान भएका हुन् । कैलालीको चिसापानीस्थित गोरंगा खोलाबाट ढुंगा लिएर लम्की फर्किने क्रममा उनीहरूले २०६६ साल भदौ ३ गते ट्र्याक्टरमा आगजनी गरेका थिए। नागरिक उन्मुक्ति पार्टीका चौधरी मंसिर ४ को निर्वाचनमा २१ हजार ८७१ मत ल्याएर विजयी भएका थिए ।



# ससुराले गरे आफ्नै बुहारीसँग विवाह



**एजेन्सी ।** छोराको निधनपछि एक जनाले आफ्नै बुहारीसँग विवाह गरेका छन् । भारत, उत्तर प्रदेशको गोरखपुरमा एक ७० वर्षीय वृद्धले आफ्नी २८ वर्षीया बुहारीसँग विवाह गरेका हुन् ।दुवैको तस्बिर सामाजिक सञ्जालमा भाइरल भयो । यतिबेला यो खबर चर्चाको विषय बनेको छ। जानकारी अनुसार यो घटना गोरखपुरको बधलगञ्ज चौकी क्षेत्रसँग सम्बन्धित छ । कैलाश यादव छपिया उमराव गाउँका बासिन्दा, उनी बरहलगञ्ज प्रहरी चौकीमा चौकीदार छन् ।उनका चार सन्तान थिए। तर एक छोराको केही वर्षअघि मृत्यु भएको थियो। उनको मृत्युपछि उनकी बुहारी पूजा सोही घरमा बस्दै आएकी थिइन्। त्यसपछि कैलाशले उनीसँग विवाह गरेका हुन् । दुवैले आपसी सहमतिमा विवाह गरेको खबर सार्वजनिक भएको छ। छोराको मृ त्युपछि कैलाशले बुहारीको अर्केसँग बिहे गर्दिएका थिए । तर, सो विवाहमा केही समस्या आएपछि पूजा पुरानै घरमा फर्किइन् । घर फर्किएपछि उनी पहिलो पटक ससुरालीमा आइन् । त्यसपछि पूजाको भविष्यका लागि भनेर कैलाशले बुहारीसँग विवाह गरेका हुन् ।

यो कुरा प्रहरीसम्म पनि पुगेको छ। प्रहरीले भाइरल तस्विरबाट यो बिहेबारे थाहा पाएको उल्लेख गरेको छ। प्रहरीका अनुसार यस सम्बन्धमा कुनै उजुरी परेको छैन । प्रहरीका अनुसार यो दुई व्यक्तिको आपसी मामिला हो । उजुरी परेमा प्रहरीले अनुसन्धान गर्न सक्ने कुरा पनि स्पष्ट पारिएको छ ।

# हराउँदै पर्वविशेषका....................

जोत्ने गोरु, राँगा पाल्न छाडिएपछि हलो, हरिस, जुवा, अनौं, फालीजस्ता हलोसँगै जोडिने पुराना यी सामग्री अब देखिँदैनन्। किसानका घरघरै रहने यी परम्परागत खेतीका ज्यावल अब पछिल्लो पुस्तालाई इतिहास पढाएझैँ बुझाउन पर्ने भइसकेको विगतमा पशुपतिनगर गाविस छँदा अध्यक्ष र हनुभएका बर्दिबास-९ का किसान नथुनी महतो बताउनुहुन्छ। 'देख्दादेख्दै सबै हराए, यो दिनको त कल्पना थिएन हाम्रो पुस्तालाई', ८० वर्षीय महतो भन्नुहुन्छ, 'न पुरानो खेती प्रणाली रह्यो, न खेती मजदुर नै पाइन्छन्, अनि के हाम्रा कृषि पर्वका परम्परा जोगियुन् रु' श्रीपञ्चमीबाट सुरु हुने मैथिल कृषि पर्व परम्परा त्यसपछिका पर्वमा पनि जोडिएका यहाँका पाका किसान बताउँछन्। जुडशीतलपर्व(विक्रमसंवत्कोनयाँवर्ष) मा स-साना बोटविरुवामा पानी हालेर सेचन गरिने परम्परा छ। त्यसैगरी चौरचन (भदौ शुक्लपक्षको चौथी) पर्वमा नयाँ कृषि उपज चन्द्रमालाई अर्पण गर्ने र छठपर्वमा बोटैसहितको अदुवा, बेसार, निबुवा/ज्यामिरसहितका फल, गुबोपातसहितको उखुका लाँक्रा सूर्यदेवलाई अर्घ्य दिँदा देखाइने अनिवार्य कृषि उपज पर्छन् । यीबाहेक मिथिलाका अन्य थुप्रै पारम्परिक पर्व खेती र उत्पादित फसलसँग जोडिएका भङ्गाहा-६ सङ्ग्रामपुरका बासिन्दा कृषि विज्ञ राजकिशोर यादव बताउनुहुन्छ। नेपाल सरकारको कृषिक्षेत्रको उपसचिव पदबाट सेवा निवृत्त हुनुभएका यादव भन्नुहुन्छ, 'अब कृषि जनशक्ति (श्रमिक) पाइँदैन, खेतीपातीभित्रका पर्व त्यतिकै हराउँदै गए ।' पहिलेपहिले धान रोपाइँका दिन मनाइने खुसीयाली र उल्लास अब दन्त्यकथाजस्तो भइसकेको यादवको थप भनाइ छ । कृषिसम्बद्ध पर्व परम्परामात्र नभएर मिथिलाका अन्य पुराना परम्परा पनि हराउँदै गएका छन् । श्रीपञ्चमी पर्वकै दिनदेखि थालिने वसन्तउत्सवको मुख्य आकर्षण 'होरीगीत' अब बस्तीबस्तीमा सुनिन छाडिएका छन् । श्रीपञ्चमीसँगै प्राचीनमिथिलाकाबस्ती-बस्तीमाप्रत्येक रात झ्याली, मृदङ्ग, हारमुनियम र ढोलसँगै फागुपूर्णिमासम्म गुञ्जने 'होरीगीत' (जोगिरा, फागुगीत) परम्परा अब देख्न, सुन्न छाडिएको छ । त्यसैगरी दशैँको झिझिया परम्परा पनि अब गैरसरकारी संस्था र विभिन्न सांस्कृतिक संस्थाले मात्र थेगेका छन् । अहिले देखिने यो अवस्थाले मिथिलाका लोक परम्परा अब पछिल्ला पुस्ताले एक समयको कुरा भनेर पढेर थाहा पाउने स्थिति बनेको लामो शिक्षण पेसाबाट अवकास लिनुभएका भङ्गाहा-७ मेघरोलका ६५ वर्षीय चन्द्रनारायण सिंह थारूको भनाइ छ। प्राचीन मिथिलामा श्रीपञ्चमीका दिनदेखि सुरु हुने 'होरी' (फागु) गीत गाउनेलाई 'होलैया' भनिन्छ । यहाँ यसै दिनदेखि 'वसन्त' सुरु भएको मानिन्छ । श्रीपञ्चमी मनाइएपछि मिथिलामा रङ अबिरको खेलले प्रवेश पाउँछ । यसअवधिमा घरमा आउने पाहुना (सम्धी, साला/जेठान, सोल्टा/सोल्टिनी र भिनाजु)लाई अबिरले स्वागत गर्ने स्थापित परम्परा रहेको पाका मैथिल सम्झन्छन् । तर समयक्रममा यो प्रेम र आत्मीयतासँग जोडिएको परम्परा अब देखिन छाडेको थारु बताउनुहुन्छ। 'अब हाम्रा (मिथिलाका) परम्परा चैं के हुन् त भनेर देखाउन अहिलेको बूढो पुस्तापछि कसैले लेखीदिए तिनै कथामात्र हुने दिन टाढा छ जस्तो लाग्दैन', थारूले चिन्ता गर्दै भन्नुभयो । ठाउँ-ठाउँका विशिष्ट परम्पराले त्यो ठाउँको खास पहिचान बनाएका हुन्छन्। मिथिला कला, संस्कृति, भाषा र आफ्नै रितिथिति संसारलाई चिनाएको प्राचीन आर्य सभ्यताको थलो भए पनि अब पुराना परम्परा हराउँदै गएको प्रति पाका पुस्ताको मन अमिलिएको हो । खास परिचयसँग जोडिएका यी परम्पराबारे पछिल्लो पुस्ता बेखबरझैँ देखिएको पाका मैथिल बताउँछन् । नयाँ पुस्ताले ठाउँ विशेषका आफ्नै विगत परम्परा बुझ्न तत्परता देखाउन् र ती थिति थामी दिन पहलकदमी लिउन् भन्ने आफ्नो पुस्ताको चासो रहेको जलेश्वर नगरपालिका-४ सुगाभवानीपट्टीका ८० वर्षीय वरिष्ठ पत्रकार कृष्णचन्द्र झाको भनाइ छ ।

# पुनः मतगणनाको आदेश उल्टियो

**टक नेपाल, जनकपुरधाम।**
उच्च अदालत जनकपुरले पुनः मत गणनाका लागि दिइएको आदेश सर्वोच्च अदालतले उल्टाइ दिएको छ । सर्लाही हरिवन नगरपालिका-७ को स्थानीय निर्वाचन नतिजा रद्द गरी पुनः मतगणना गर्न दिएको उच्च अदालतको आदेश उल्टिएको छ । वडाध्यक्ष पदमा यसअघि सार्वजनिक भएको परिणाम रद्द गरी पुनः मतगणनाका लागि टीका जंङ्ग थापाले रिट दायर गरेका थिए। एक मतले पराजित नेपाली काँग्रेसका थापाको रिटमाथि सुनुवाइ गर्दै अदालतले गत पुस तेस्रो साता पुनः गणना गर्ने आदेश दिएको थियो। माघ २० गते (आज) गणना गर्ने उच्च अदालत जनकपुरको तयारी थियो । तर सर्वोच्चले उक्त आदेश उल्टाएको उच्च अदालत जनकपुरका रजिष्ट्रारखड्गराज अधिकारीले जानकारी दिए ।




उनका अनुसार उच्च अदालतको आदेशबाट असंतुष्ट भएपछि एक मतले निर्वाचित घोषणा भएको नेकपा एमालेका निरध्वज कार्कीले सर्वोच्च अदालतमा मुद्दा दिएका थिए। सोही मुद्दामा सर्वोच्चले तत्काल गणना नगरी मिसिल पठाउन माघ १६ गते उच्च अदालत जनकपुरलाई पत्राचार गरेको छ । अब सर्वोच्चले दिएको आदेश वा फैसला मात्रै कार्यान्वयन हुने भएको छ। यस वडामा निरध्वज कार्की एक मतले निर्वाचित भइ कार्यरत छन्। निर्वाचन अधिकृतको कार्यालयको गणना अनुसार कार्की ३ सय ७९ मतसहित विजयी भएका छन् भने निकटतम् प्रतिद्वन्द्वी नेपाली कांग्रेसका टीकाजंग थापाले ३ सय ७८ मत पाएका थिए । उच्च अदालत जनकपुरमा स्थानीय निर्वाचनसँग सम्बन्धित ३१ वटा रिट दर्ता छन् । पुनः मत गणनाको लागि २६ र निर्वाचन बदर गर्नुपर्ने मागसहित ६ वटा रिट दर्ता भएको छ। सबै मुद्दाहरु प्रक्रियामा रहेको छ ।

# गौशाला विद्युत वितरण केन्द्रको

**मंजित कुमार , महोत्तरी।**
नेपाल विद्युत प्राधिकरण गौशाला वितरण केन्द्रले छड्केमा तिब्रता दिएको छ । ५४ हजार ७ सय ग्राहक संख्या रहेको गौशाला बिद्युत वितरण केन्द्रमा गौशाला नगरपालिका, बर्दिवास नगरपालिका, भंगहा नगरपालिका, औरही नगर पालिका र सोनमा गाउँपालिका गरि पाँच पालिका रहेको छ । गौशाला वितरण केन्द्रमा ४८ हजार १४ ग्राहस्थ, औद्योगिक तर्फ ८ सय ८ ,व्यापारिकमा २ सय ३५ र अन्यमा ५ हजार ६ सय ४३ ग्राहक रहेको कार्यालय स्रोतले जानकारी दिइएको छ। बिद्युत चुहावट( चोरी)लाई रोक्न




गौशाला वितरण केन्द्रले प्रत्येक सप्तामा एक दिन छड्के मार्ने गरेको र पुष महिनादेखि माघ मसान्तसम्म बिद्युत चुहावट गर्ने २ सय ३२ जनालाई कारवाही गरिएको र विधुत चुहावटमा संलग्न ८२ मान्छेलाई समातेको गौशाला वितरण केन्द्रका प्रमुख ई.प्रविण कुमार मिश्रले जानकारी दिनुभयो । गत वर्षमा गौशाला वितरण केन्द्र २८% ले घाटामा रहेको थियो भने अहिले २४% मा झरेको कार्यालय स्रोतले जनाएको छ ।


## लिङ्ग छनोट गरि गर्भपतन गर्नु अपराध हो

☞ लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभदे गरी सन्तान जन्माउने कार्य नगरौ, नगराऔ।
☞ प्रवधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो।, त्यसता कार्य गर्नु वा गराउनु हुदैन्।
☞ चिकित्सक समेत त्यस्ता कार्यलाई निरुत्साहित गरी चिकित्सा पेशालाइ मर्यादित बनाऔ।
☞ विभेद रहित समाजको निर्माण गरौ।

**एकडारा गाउँपालिका, एकडारा, महोत्तरी**


## ☎ आवश्यक टेलिफोन नम्बरहरु ☎

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने र मन पनि प्रसन्न रहनेछ। | तुला | ठीक समयमा सही निर्णय लिन सकिनेछ। |
| बृष | आज रोकिएका महत्त्वपूर्ण कामको थालनी हुनसक्छ। | वृश्चिक | सहकर्मीबाट विरोध आउन सक्छ। |
| मिथुन | आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ। | धनु | आज नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। |
| कर्कट | मालसामान हराउन सक्छ। | मकर | आज राजनैतिक तथा समाजसेवामा मन लाग्नेछ। |
| सिंह | आजबाट नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ। | कुम्भ | अरुलाई प्रभावित पारेर काम बन्नेछ। |
| कन्या | रोकिएका काम पुनः सुरु हुन सक्छन्। | मीन | आज शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## ....सम्पादकीय

# अनावश्यक विवाद

नेपालको संविधानमा 'नेपाल धर्मनिरपेक्ष राज्य हुने' उल्लेख भए पनि अहिले सरकारमा रहेका कतिपय मन्त्रीले जे जस्तो अभिव्यक्ति दिएका छन्, त्यसले संसद् मात्रै होइन, सरकारमा रहेका दलबीच नै मतभिन्नता हुन थालेको छ । हिन्दु राज्य र राजतन्त्रको वकालत गर्दै आएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले सरकारमा गएपछि पनि त्यसैलाई निरन्तरता दिइ रहेको छ । पार्टी र सांसद मात्रै होइन, सरकारमा गएका मन्त्रीले समेत सार्वजनिक रूपमा संविधानमा रहेको उल्लेखित व्यवस्था उल्ट्याउने बताएपछि यो बहसको विषय बनेको छ । यसले सत्ता साझेदार दलबीच पनि विवाद र मतभेद उत्पन्न भएको छ । राप्रपाले यसलाई आफ्नो पार्टीको विचारको निरन्तरताका रूपमा व्याख्या गरेको छ भने अन्य दलले संविधानविरोधी हर्कतका रूपमा अर्थ्याउने गरेका छन्। अन्य दलको भनाइमा 'संविधानकै सपथ लिएर मन्त्री भएको व्यक्तिले संविधानविपरीत अभिव्यक्ति दिन मिल्दैन।' त्यसो त मन्त्रीले लिने सपथको ब्यहोरामा 'नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही' भन्ने वाक्यांश उल्लेख छ। यस हिसाबले संविधानमा जे उल्लेख गरिएको छ, त्यसका विरुद्धमा मन्त्रीहरू जान पाउँदैनन् भन्ने नै हो। सरकारमा सहभागी दुई प्रमुख दल नेकपा एमाले र माओवादी केन्द्रका सांसदले पनि राप्रपाबाट मन्त्री भएका नेताहरूलाई लक्षित गर्दै 'सरकारकै मन्त्रीहरूले संविधानविपरीत अभिव्यक्ति दिएको' भनी सदनमा प्रश्न उठाएका हुन्। एमालेका नेता रघुजी पन्तले सरकारका मन्त्रीले संविधानविपरीत अभिव्यक्ति दिँदा प्रधानमन्त्री र मन्त्रीबीचकै मत बाझिएको भन्दै संविधानले मार्गनिर्देश गरेको विषयबाट विचलित हुन नहुनेमा जोड दिएका थिए। त्यसो त उनले राप्रपाको आफ्नो अजेन्डा दल र सांसदहरूले भन्न सक्ने तर मन्त्री भएर संविधानको बर्खिलापमा बोल्न नहुने तर्क पनि गरे । पन्तले भनेजस्तै दलहरूले आफ्नो अजेन्डामा वकालत गर्न सक्छन् तर सरकारमा गएपछि संविधानको पालना मात्रै होइन, त्यसको कार्यान्वयन गराउने जिम्मा पनि सरकार र मन्त्रीहरूकै हो । अझ संसद्का रूपमा सपथग्रहण पत्रमा समेत सोही ब्यहोरा छ । यस हिसाबले सांसदहरूले समेत यस विषयमा विचार पुऱ्याउनुपर्ने हो । तर, संविधानले बहुलवाद स्वीकार गरेको र यो विषय अपरिवर्तनीय नभएकाले सांसदहरूले उठाउने कुरालाई ठिकै मान्न सकिएला। किनकि संसद्मा दुई तिहाइ बहुमत पुऱ्याउन सकेको खण्डमा 'नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकुल हुने गरीबाहेक' अन्य विषयमा संशोधन गर्न सकिन्छ । यस अर्थमा संसद्मा धर्मनिरपेक्षताको विरोध र राजतन्त्रको समर्थन गर्ने कुरामा उदार हुन सके पनि सरकारकै मन्त्रीले संविधान विपरीतका अभिव्यक्ति दिनु शोभनीय होइन । मन्त्रीहरूको यस किसिमको अभिव्यक्तिलाई आपत्तिका रूपमै लिनुपर्ने हुन्छ। माओवादी केन्द्रका सांसद शक्ति बस्नेतले पनि संसद्मा राप्रपाका सांसदको अभिव्यक्तिलाई प्रतिवाद गर्ने क्रममा भनेका छन्, 'संसद् र सडकमा बहस गर्न सकिन्छ तर 'क्याबिनेट'मा बसेर संविधानको मूल्यभन्दा बाहिर गई गरिने टिप्पणी स्वीकार्य हुँदैन। आगामी दिनमा यस्ता कुरा सच्चाइयोस्।'

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

# सर्लाहीको बलरामा भारत सरकारको ५ करोडको लागतमा निर्माण भएको भवनको उदघाटन

**राधेश्याम कुशवाहा, सर्लाही ।**



सर्लाहीको बलरा नगरपालिकामा भारत सरकारको आर्थिक सहयोगमा ५ करोडको लागतमा निर्मित विद्यालयको भवनको एक कार्यक्रम बिच उदघाटन गरिएको छ। बलरा नगर पालिका वार्ड न.४ स्थित रामसखी मोहित सिंह माध्यमिक विद्यालयको नवनिर्मित भवनलाई भारतीय महावाणिज्य दुतावास, वीरगन्जका महावाणिज्यदूत नितेश कुमार, जिल्ला समन्वय समिति, सर्लाहीका सभापति कौशलकिशोर सिंह, बलरा नगर पालिकाको मेयर रामाशंकर कुशवाहाले एक कार्यक्रम बिच सामुहिक रुपमा उदघाटन गरेको गरेका हुन । स्वागत मन्तव्यमा बोल्दै विद्यालयका प्रधानाध्यापक विरेन्द्र झाले भारत सरकारको सहयोगमा विद्यालयमा २ वटा भवन निर्माण भएर प्राप्त भएकोमा भारत सरकार सति कार्यक्रममा उपस्थित महावाणिज्यदूत नितेश कुमार लाई समेत विशेष धन्यावाद दिन चाहेको बताए । उहाँले आफनो १० बर्षे कार्यकालमा विद्यालयमा ३ वटा भारतीय महावाणिज्यदूतलाई स्वागत गर्न पाएकोमा खुशि व्यक्त गर्दै अगामी दिनहरुमा समेत सहयोगका लागि आश राखको बताए । बलरा नगरपालिकाका मेयर रामाशंकर कुशवाहाले विधालयको स्तरोन्नतिमा भारतीय लगानी कोषेढुंगा सावित हुने बताए । उहाँले बलरा नगरपालिका अन्तर्गतका विद्यालयहरु मध्ये भारतीय राजदुतावासको लगानीमा छतौना माविमा निर्माणाधिन रहेको विद्यालयको भवनलाई यथाशिघ्र निर्माण कार्य अगाडी बढाई दिन प्रमुख अतिथिलाई ध्यानाकार्षण समेत गराए। बलरा नगरपालिकालाई शिक्षाको हबको रुपमा विकास गर्दै जाने योजना रहेका कारण यो नगरमा भारत सरकारको थप आर्थिक सहयोगको आवश्यकता महसुस गरेको छु, उहाँले भने। बलरा नगरमा लगानी गर्न अनुरोध गर्दै भारत सरकारले लगानी गर्ने इच्छा देखाएमा आफूले वातावरण निर्माण गर्ने उहाँले बताए । उहाँले भारतीय सहयोगका लागि आभार प्रकट गर्दै भारतीय राजदुतावासबाट नेपालका विद्यालयहरुमा थप लगानीका लागि अपेक्षा गरे । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि महावाणिज्यदूत नितेश कुमारले नेपाल भारत सम्बन्धलाई अझ प्रगाढ र मजबुत बनाउन दुई देश बिचको विकासमा हाथेमालो गर्नु पर्ने बताए । नेपाल भारत बिच धार्मिक, समाजिक तथा वैवाहिक सम्बन्ध रहेका कारण नेपालको हरेक विकास निर्माणमा भारत सरकारले सक्दो सहयोग गर्दै आएको छ, उहाँले भने । नेपालको विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत सम्भारमा समेत भारत सरकारले ठुलो लगानी गरेको स्मरण गराउदै अगामी दिनहरुमा समेत यसलाई निरन्तरता दिने प्रतिबद्वता व्यक्त गरे । उहाँले निर्माणधिन योजनाको कामलाई समयमै सुरु गर्ने विश्वास समेत दिलाए। भारत सरकारको सहयोगमा विद्यालयमा २ वटा भवन निर्माण गरिएकोमा भारत सरकारलाई धन्यवाद दिदै स्थानियवासी हर्षित रहेका जिल्ला समन्वय समतिका सभापति कौशल किशोर सिंहले महावाणिज्यदुत नितेश कुमारलाई जानकारी गराए । उहाँले भारत सरकारबाट नेपालका शिक्षा स्वास्थ तथा यातायात लगायत हरेक विकास निर्माण कार्यमा ठूलो सहयोग रहेका कारण भारत सरकारप्रति सर्वसाधारण उत्साहित र सकरात्मक रहेको छ, उहाँले भने । जिल्लाका दक्षिणी तथा पश्चिमी भेगमा यस्ता ग्रेण्ड कार्यक्रमको अझ आवश्यकता रहेका कारण यहाँका शिक्षा तथा स्वास्थमा भारत सरकार लाई सहयोगका लागि अपिल गरे । उहाँले भारत सरकारको सहयोगमा निर्माणधिन रहेका छतौना माविका भवन र २५ वटा सामुदायिक भवन शिलान्यासको ७/८ बर्ष बित्न लाग्दा समेत निर्माण पुरा नभएको जानकारी गराउदा समयमै काम सुचारु गरदिनका भारतीय महावाणिज्यदुतलाई आग्रह समेत गरे ।रामसखी मोहित माविमा भारत सरकारको सहयोगमा ५ करोड र १.५ करोड गरी २ वटा विद्यालयको भवन निर्माणको साथै कम्प्यूटर ल्याब, ल्यापटप, फर्निचर लगायत अन्य सामग्री समेत प्राप्त भएको हो । विरगन्ज महावाणिज्य दुतावासका महावाणिज्यदुत नितेश कुमारको प्रमुख आतिथ्य र जिल्ला समन्वय समिति, सर्लाहीका सभापति कौशलकिशोर सिंहका अध्यक्षतामा सम्पन्न भएको उदघाटन समारोहलाई नागरिक समाजका अगुवा शिवचन्द्र चौधरीले संचालन गरेका थिए । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख कौशल किशोर सिंह, बलरा नगरपालिकाका नगर प्रमुख रामाशंकर प्रसाद कुशवाहाज्यू, प्रजिअ इन्द्रदेव यादव, प्रहरी उपरीक्षक नरेश सुवेदी, शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख सुनिल कुशवाहा,शिक्षाप्रेमी, नागरिक समाज, समाजसेवी लगायत संचारकर्मीहरुको उल्लेखनिय सहभागिता रहेको आयोजकले जनाएको छ ।



# बर्दिबासमा पहिलो पल्ट राष्ट्रिय फुटवल प्रतियोगिताको आयोजना हुने

**टक नेपाल, महोत्तरी।**

एन्फाको स्वीकृति लिएर बर्दिबासमा जिल्लामा नै पहिलो पल्ट राष्ट्रिय फुटवल खेल आयोजना हुने भएको छ । राष्ट्रियस्तरमा चर्चित कलवलाई सहभागि गराएर २६ माघबाट सुरु हुने खेलमा देशभरका८वटाकलवसहभागिहुनेछन्। बिरगञ्ज युनाइटेड, क्यामरुन एसी, पेमायुवाकलव,व्याइजयुनियन,धरान फुटबल कलव, झापा-११ फुटबल कलव र आयोजकको तर्फबाट बर्दिबास युथ कलवसहित ८ वटा टिम खेलमा सहभागी हुने आयोजक पक्षले जनाएको छ। बर्दिबास नगरपालिका अन्तर्गत नगर खेलकुद विकास समितिद्वारा आयोजित उक्त खेलको अनुमानित लागत ४५ लाख लाग्ने अनुमान गरिएको छ । बर्दिबास नगरपालिकाले यसअघि नै ३० लाख बजेट छुट्याइसकेको र वाकी रकम स-प्रायोजन गर्ने कम्पनी र संस्थाहरुवाट व्यवस्थापन गरिने नगर खेलकुद विकास समितिका अध्यक्ष दिपेन्द्र कुमार शिवभक्तीले जानकारी दिए । मेयर गोल्डकप नामाकरण गरिएको उक्त खेलमा पहिलो र दोश्रो हुने टिमलाइ क्रमशः ५ लाख र ३ लाख पुरुस्कारको राषि र सवै विद्यामा उत्कृष्ट हुने खेलाडीलाई पनि जनही १० हजार राशीको पुरुस्कारको व्यवस्था गरिएको छ । ४ फाल्गुनसम्म जारी रहने खेलमा हरेक दिन म्यान अफ म्याचको लागी पनि पुरुस्कारको ब्यवस्था गरिएको छ। म्यान अफ द म्याचको लागि ५ हजार प्रदान गर्ने खेलकुद विकास समितिका सचिव अर्जुन बस्नेतले बताए। सवैभन्दा महत्त्वपूर्ण त आयोजक टिमको तर्फबाट सहभागी हुने बर्दिबास युथ कलवले वाहिरी खेलाडी समावेश गरेको छैन। यसअघि हुने खेलहरुमा वाहिरबाट खेलाडी किनेर ल्याएको बिषयमा चर्को आलोचना हुने गरेको थियो । नगरको १४ वटै वडावाट उत्कृष्ट ३४ जना खेलाडी चयन भएका छन्। प्रशिक्षक कुल वहादुर श्रेष्ठले दिइरहेको उक्त प्रशिक्षणपछि २२ जनावाट खेलको लागी छनोट हुने बताइएको छ । राष्ट्रियस्तरका चर्चित कलवसगँ प्रतिस्पर्धा गर्ने तयारी गरेको आयोजक टिमलाइ महत्वपूर्ण ढंगले हेरिएको छ। आयोजक टिमले नाम चलेका कलवसगँ सुखद प्रतिस्पर्धा गर्ने आयोजक पक्षको विश्वास छ। हाम्रा खेलाडीले कलवहरुसगँ प्रतिस्पर्धा गर्न निक्कै गृहकार्य गरिरहेका छन् ।

# मधेश प्रदेश : छोराले गरे बुबाको हत्या

**टक नेपाल, रौतहट।**




रौतहटको चन्द्रपुरमा छोरोले आफ्नै बुबाको हत्या गरेका छन् । चन्द्रपुर नगरपालिका -६ का ३२ वर्षीय प्रकाश राईले बिहीबार राति चिर्पट प्रहार गरी ५५ वर्षीय बुबा निरकुमारको हत्या गरेको प्रहरीले जनाएको छ । घटना पश्चात राईलाई राति नै प्रहरीले हिरासतमा लिएर अनुसन्धान थालेको लाका प्रहरी चन्द्रनिगाहपुरका डिएसपी सन्तुप्रसाद जैसवारले जानकारी दिए । उनका अनुसार बाबु र छोरा प्रकाशबीच राति समान्य विवाद हुँदा प्रकाशले चिर्पटले हानेका थिए। बुबा निरबहादुरको टाउको, निधारको दाहिने भाग, बायाँ गालामा गम्भीर चोट लागेर घाइते भइ तत्काल चन्द्रपुर अस्पतालमा उपचारका लागि लगिएकोमा मृत्यु भएको इलाका प्रहरी चन्द्रनिगाहपुरले जनाएको छ । प्रहरीका अनुसार प्रकाशले मादक पदार्थ सेवन गरेको पाइएको छ । के कारणले बुबा माथि आक्रमण गरेको भन्ने तथ्या खुल्न बाँकी रहेको र घटना विषयमा थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# हराउँदै पर्वविशेषका लोक परम्परा

**गौपालप्रसाद बराल, महोत्तरी।**



वसन्तपञ्चमी बितेको एक साता नाघ्यो, तर कतै ढोल, मृदङ्ग बजेको र 'जोगिरा' (फागुगीत)का भाखा (स्वर) सुनिँदैनन्। मधेसको प्राचीन मिथिला क्षेत्रमा वसन्तपञ्चमीदेखि फागुन पूर्णिमासम्म बस्ती-बस्तीमा गुञ्जने परम्परागत 'जोगिरा' को भाखा र ढोल, मृदङ्ग बजेको सुन्न छाडिएपछि यस भेगका पाका मैथिल (मिथिलाका बासिन्दा) अब लोक परम्परा हराउँदै गएको चिन्तामा छन् । जीवनका ८० वसन्त पार गरेका महोत्तरीको भङ्गाहा नगरपालिका-४ रामनगरका वृद्ध किसान जोगिन्द्र महतो यस भेगमा चाडवाड र विशेष उत्सवका लोक परम्परा देखिन, सुनिन छाडेपछि खिन्न हुनुहुन्छ । माघ शुक्ल पञ्चमीका दिन मनाइने वसन्त उत्सव पर्वसँग जोडिएको कृषि परम्परा कतै नदेखेपछि ८१ वर्षीय महतोको मन कटक्क दुःखेको हो । 'आब बुझायल, जे सब अपन पुरान मैथिल परम्परा मिटागेल, अई बेर श्रीपञ्चमी पावैनमें पासपडोस आ कतो हरक फेरालगायत नई देखलिय, पूजके लेल जन भेटल' अब बुझ्दैछु, हाम्रा सबै मैथिल परम्परा मेटिँदैछन्, यसपालि श्रीपञ्चमीमा पर्वमा कतै हलो घुमाइएको देखिएन, न श्रमिक पुज्न नै पाइयो । श्रीपञ्चमी कृषि कार्यसँग जोडिएको महत्वपूर्ण पर्वमा मैथिल परम्पराअनुसार अढाइ मोड (साढे दुई घुम्ती) हलो घुमाउने (जोत्ने) र श्रमिक पुजिएको कतै नदेखेपछि पुराना परम्परा हराउँदै गएको कुराले महताको चित्त कुँडिएको रहेछ। 'श्रीपञ्चमी बितल कई दिन भगेल, मुदा कतो 'जोगिरा' गवैत नई सुनाइय' (श्रीपञ्चमी बितेको कति दिन भइसके, तर कतै 'जोगिरा' को भाखा सुनिँदैन) महतो भन्नुहुन्छ, 'आब पुरान परम्परा किस्सा होयत जारहल अई' (अब पुराना परम्परा दन्त्यकथा बन्दै गइरहेका छन्) । 'जोगिरा' मिथिलाको परम्परागत लोकभाखा हो । शिशिरको जाडोले कक्रिएको जनजीवनलाई वसन्तागमको सन्देश दिने यो भाखामा रसिक र शृङ्गारिक भाव हुने गर्छ । साँझको खानपिन सकेर एकप्रहर रात कटेपछि बस्ती-बस्तीमा सामूहिक (सामुदायिक) 'बसघरा' (भवन) मा ढोल, मृदङ्ग बज्न थाल्ने र त्यससँगै गुञ्जने 'जोगिरा' को भाखाले आम मैथिल, मिथिलानी रोमाञ्चित हुन्छन् । मध्यरातसम्म गुञ्जने 'जोगिरा' मा हिन्दू आस्थासँग जोडिने शिव, पार्वती र श्रीराम, जानकीले आपसमा अबिर खेल्दै हाँसखेल गरेका भाव समेटिएका हुन्छन् । यतिमात्र नभई 'गवैया' (जोगिरा गाउने)हरूले आफूले ठट्टा गर्न मिल्ने नवयौवनालाई गीतकै भाखामा रसिक छेडखानी गर्न पनि चुक्दैनन् । ढोल, मृदङ्ग र झ्यालीको तालमा 'गवैया' समूहका मुख्य नाइकेको लयमा स्वर मिलाउँदै गाइने 'जोगिरा' सुन्न छाडिएपछि सो बस्तीकै ८० वर्षीय रामचन्द्र साह पनि अब पर्वविशेषका रितिथिति, चलन हराउँदै जाँदा आफ्नै ठाउँ बिरानोजस्तो लाग्ने गरेको बताउनुहुन्छ । मैथिलमूलकै नभए पनि यहीँ जन्मेर हुर्केका पर्वते मूलका नेपाली मातृभाषी पनि पुराना चलन हराउँदै गएकोतर्फ खिन्न छन् । 'हामी यही जन्म्यौँ, हुर्क्यौँ, यहाँका चलन परम्परामा भिज्यौँ', भङ्गाहा-४ कै ८४ वर्षीय छविलाल दाहाल भन्नुहुन्छ, 'वसन्तपञ्चमी पर्वमा बाँझो खेत नजिक नभेट्दा सडकमै भए पनि गोरु नारेर दुई/तीन फेरा घुमाइन्थ्यो, हामी कति रउस ९रमाइलो० मान्थ्यौँ, खै अब पर्वका यी परम्परा हराए, न कतै वसन्तपञ्चमीसँगै गाइने फागुगीत जोगिरा नै सुनिन्छन् ।' मधेस प्रदेशको प्राचीन मिथिला क्षेत्रका किसान श्रीपञ्चमीलाई मुख्य कृषि पर्वका रूपमा मनाइँदै आइएको विगत सम्झन्छन् । 'श्रीपञ्चमी किसानका लागि 'नयाँ वर्ष' को प्रारम्भ हो', बर्दिबासनगरपालिका-९पशुपतिनगरका ५५ वर्षीय किसान महेन्द्रसिंह कुशवाहा भन्नुहुन्छ, 'श्रीपञ्चमीकै दिन कृषि ज्यावल पूजा गरिन्छन्, यसै दिन अघिल्लो एक वर्षका लागि कृषि श्रमिक व्यवस्था गरेर वरण गरिन्छ, कृषि ज्यावल बनाउने र मर्मत गर्ने लोहार यसै दिन वरण गरिने परम्परा छ, त्यसैले यो किसानको कृषि 'नयाँ वर्ष' हो।' यसबाहेक पर्वका दिन हलो घुमाउने विधि पनि कामको कहिल्यै खाँचो नहोस् भन्ने कामना गर्दिंदै खेतीकार्यको शुभारम्भ गरिएको प्रतीक नै रहेको कुशवाहा बताउनुहुन्छ । तर गाउँनगर, बस्तीमा श्रमिक नपाइएपछि श्रमिक पूजा र गाईवस्तु पाल्न छाडेपछि गोरु नार्ने परम्परा हराउँदै गएको कुशवाहाको भनाइ छ । पछिल्ला केही वर्षयता जोत्ने गोरु किसानका गोठमा देखिन छाडेका छन् । 'अरु छिमेकका के कुरा गर्नु रु मेरै गोठमा १० वर्ष पहिलेसम्म तीन हल गोरु थिए, अहिले गोठ रित्तो छ', बर्दिबास-७ प्रेमनगरका रामचन्द्र महतो भन्नुहुन्छ,'करिब दुई सय घरको प्रेमनगर बस्तीमा अहिले गोरु पाल्ने किसान मुस्किलले एक/दुई होलान्, न गोरु, न हलोफाली।।१ जे खेती गरे पनि ट्र्याक्टरकै भर ।'

*-बाँकी पृष्ठ २ मा*

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौ ।"

LIVER FUNCTION TEST
- Bilubine Total / Direct
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- STOOL R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETES PACKAGE
- URINE R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose /F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा. लि.

बर्दिवास-१४, औरहीरोड सम्पर्कः ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्सः ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुससा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldally@gmail.com